# सुर्मा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०७** **संख्याः ०१** **मितिः२०८०-१०-०७**

## भागः२

## सुर्मा गाउँपालिका

### सुर्मा गाउँपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस. छात्रवृति वितरण कार्यविधि, २०८०

**गाउँ कार्यापालिकाबाट स्वीकृत मिति :- २०८०।०७।२०**

**प्रस्तावना** : सुर्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट पालिका भित्र रहेका गरिब, जेहेन्दार, लगनशिल र मेहनती विद्यार्थीहरुलाइ प्रोत्साहन स्वरुप छात्रवृति उपलब्ध गराई प्राविधिक जनशक्ति (एम.वि.वि.एस. डाक्टर) उत्पादन गर्नको लागि यो कार्यविधि बनाई लागु गर्न वाञ्छनीय भएकोले,

सुर्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>**: (१) यो कार्यविधिको नाम "सुर्मा गाउँपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस. छात्रवृत्ति वितरण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मिति २०८०।१०।०७ गते बाट लागु हुनेछ ।

**२. <u>परिभाषा</u>** : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "छात्रवृति" भन्नाले एम वि वि एस अध्ययनका लागि सुर्मा गाउँपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा सम्झनुपर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले सुर्मा गाउँपालिका सम्झनुपर्दछ ।

(ग) "गाउँकार्यपालिका" भन्नाले सुर्मा गाउँकार्यापालिको सम्झनुपर्दछ ।

(घ) "एम.वि.वि.एस." भन्नाले सुर्मा गाउँपालिका बाट छात्रवृत्ति प्राप्त गरी नेपालका विश्वविद्यालयहरुमा एम.वि.वि.एस. तहमा भर्ना भई अध्ययनरत विद्यार्थीलाई सम्झनुपर्दछ । सो शब्दले एम.वि.वि.एस. को प्रवेश परीक्षा पास गरी छात्रवृत्तिको लागि आवेदन विद्यार्थी लाई पनि जनाउनेछ ।

(ङ) "छात्रवृत्ति निर्णय समिति" भन्नाले दफा ५(१) बमोजिमको छात्रवृत्ति निर्णय समिति सम्झनुपर्दछ ।

(च) "गरिब" भन्नाले एकाघरका कुनै पनि सदस्यको रोजगार नभई जिविकोपार्जन गर्न अप्ठ्यारो भएका परिवारका सदस्य जनाउँदछ । साथै त्यस्तो परिवारको वार्षिक आम्दानी रु २,५०,०००। (अक्षरेपी दुई लाख पचास हजार) भन्दा कम हुनुपर्नेछ ।

(छ) "जेहेन्दार" भन्नाले SEE तह र सो भन्दा माथि I.SC. उत्तीर्ण गरी एम.वि.वि.एस. को प्रवेशिका परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

**३. <u>छात्रवृत्ति पाउने मापदण्ड</u>** : देहायको मापदण्ड पुगेका व्यक्तिहरु सुर्मा गाउँपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस. छात्रवृति पाउन योग्य मानिनेछन :-

(१) छात्रवृत्तिको लागि आवेदन दिने आवेदक सुर्मा गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने छ ।

(२) आवेदकले कक्षा ६ देखि १०(SEE) सम्म सामुदायिक विद्यालयबाट उत्तिर्ण गरेको हुनुपर्नेछ । तर सामुदायिक विद्यालयमा पढेका कसैले पनि आवेदन नदिएमा अन्यलाई पनि दिन सकिनेछद ।

(३) छात्रवृत्तिको लागि आवेदकले तपशिल बमोजिमका प्रमाणपत्रहररुको प्रतिलिपि संलग्न राखी छात्रवृत्ति पाउँ भनि सुर्मा गाउँपालिका को कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) कक्षा ६ देखि १० (SEE) सम्म सामुदायिक विद्यालयबाट पास गरेका कागजात ।

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**४. <u>छात्रवृत्ति उपलब्ध गराईने प्रक्रिया</u>** :

(१) छात्रवृत्तिको लागि आवेदकबाट दफा ३ को उपदफा (३) बमोजिमको कागजातहरु पेश भएको हुनु पर्नेछ ।

(२) कार्यालयले छात्रवृत्तिको लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदानको निर्णयको लागि दफा ५(१) बमोजिमको समिति समक्ष पेश गर्नुपर्नेछ । निर्णय भएपछि सम्बन्धित आवेदकलाई जानकारी गराई छात्रवृत्तिको रकम प्रदान गरिनेछ । तर कुनै संघ संस्थाबाट पूर्ण रुपमा छात्रवृत्ति पाईसकेका व्यक्तिलाई यो छात्रवृत्ति प्रदान गरिने छैन । साथै अधिकृत स्तरका राष्टसेवक कर्मचारी, उच्च तहका जनप्रतिनिधि, ठुला व्यापारी वा निर्माण व्यवसायी र आर्थिक रुपले सम्पन्न व्यक्तिका छोरा, छोरीलाई समेत प्रदान गरिने छैन ।

(३) यो छात्रवृत्ति पहिलो वर्ष खुल्ला १, दोस्रो वर्ष महिला १, तेस्रो वर्ष दलित १ जना लाई प्रदान गरिनेछ । चौथो र पाँचौ वर्षमा खुला कोटालाई नै प्रदान गरिनेछ ।

स्पष्टिकरण ; दलित भन्नाले नेपाल सरकारले तोकेको जातिलाई जनाउनेछ ।

(४) माथिको दफामा जुनसुकै कुरा लेखिएको भएता पनि उल्लेखित छात्रवृत्तिको बारेमा यस सुर्मा गाउँपालिकाले कुनै मेडिकल कलेज सँग सम्झौता गरेर कार्यान्वयन गर्न पनि सक्नेछ र माथि दफा ४ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाको आन्तरिक आम्दानीको अवस्था हेरी कार्यक्रम हेरफेर गर्न सकिनेछ ।

## ५. <u>छात्रवृत्ति निर्णय समिति</u> :

(१) छात्रवृत्ति छनोटका लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदान गर्ने निर्णयको लागि तपशिल बमोजिमको समिति रहेनेछ ।

(क) संयोजक : गाउँपालिका अध्यक्ष

(ख) सदस्य : गाउँपालिका उपाध्यक्ष

(ग) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

(घ) सदस्य : स्वास्थ्य शाखा प्रमुख

(ङ) सदस्य सचिव : शिक्षा शाखा प्रमुख

(२) समितिले आफ्नो प्रक्रिया आफै निर्धारण गर्नेछ ।

(३) छात्रवृत्ति पाउने विद्यार्थी छनोटका लागि विज्ञहरु समेतको एक उपसमिति गठन गर्न सकिने छ ।

(४) छात्रवृत्ति छनोट परीक्षा खुला प्रतिस्पर्धाद्वारा हुनेछ ।

(५) विद्यार्थी छनोट गर्दा आवेदक विद्यार्थी रहेको वडाको वडा अध्यक्ष आमन्त्रित सदस्यको रुपमा रहनेछ ।

## ६. <u>छात्रवृत्ति रकम</u> :

(१) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीले नेपाल भित्रका शैक्षिक संस्थामा चालु शैक्षिक वर्षमा एम.वि.वि.एस. प्रथम वर्षमा भर्ना भएको प्रमाण पेश गरेपछि सम्बन्धित विद्यार्थीको बैंक खातामा छात्रवृत्ति रकम उपलब्ध गराईनेछ ।

(२) सुर्मा गाउँपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस. छात्रवृत्तिको रकम अध्ययन अवधिभरको लागि १०० प्रतिशत रकम ५ वर्षमा ५ किस्तामा ननाघ्ने गरी रकम रु ४६,००,०००। (अक्षेरपी छयालीस लाख रुपैया) मात्र उपलब्ध गराईनेछ ।

(३) यसरी छात्रवृत्ति रकम प्राप्त गरेका विद्यार्थीहरुले अनिवार्य रुपमा एम.वि.वि.एस. कोर्ष अध्ययन गर्नुपर्नेछ । तर पुरै अवधिभर अध्ययन नगरी बिचमै अध्ययन छोडेको पुष्टि भएमा उपलब्ध गराईएको छात्रवृत्तिको रकम सुर्मा गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ । साथै अध्ययन पुरा गरि सकेपछि कम्तिमा २ वर्ष सुर्मा गाउँपालिकाले तोकेको अस्पतालमा श-शुल्क सेवा गर्नुपर्नेछ । सो को सम्झौता छात्रवृत्ति रकम प्रदान गर्ने निर्णय पश्चात गरिनेछ ।

### अनुसुची — १
### (एम.वि.वि.एस. छात्रवृत्ति पाउनको लागि दिने निवेदनको ढाँचा)

श्री गाउँपालिका अध्यक्ष ज्यू,
श्री सुर्मा गाउँपालिकाको कार्यालय,
दौलिचौर, बझाङ्ग ।

सुर्मा गाउँपत्र

**विषय : एम.वि.वि.एस. छात्रवृत्ति पाउँ ।**

प्रस्तुत विषयमा यस सुर्मा गाउँपालिका अन्तर्गत वडा नं. ..... मा बस्ने श्री .................................... को छोरा छोरी वर्ष..... को म श्री......................................... ले एम.वि.वि.एस. अध्ययनको लागि मेरो आर्थिक अवस्था कमजोर भई अध्ययन गर्न कठिनाई भएकोले यस कार्यालयबाट एम.वि.वि.एस. अध्ययनको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम भएकोले मैले सो अध्ययनको लागि आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु । मैले पेश गरेको विवरण ठिक साँचा हो । झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिम सहुँला/बुझाँउला ।

निवेदक

नामथर :

ठेगाना :

सही :

सम्पर्क नं. :

**अनुसुची — २**

**कबुलियतनामा**

**(एम.वि.वि.एस. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको लागि**

श्री.................................... को नाति/नातिनि श्री.................................... को छोरा/छोरी सुर्मा गाउँपालिका वडा नं. ..... मा बस्ने श्री.......................................... ले सुर्मा गाउँपालिकाबाट एम.वि.वि.एस. छात्रवृत्ति प्राप्त गरेकोले उक्त विषय........................ कलेजमा भर्ना भई अध्ययन गर्ने छु । अध्ययनको प्रगति विवरण वार्षिक रुपमा यस सुर्मा गाउँपालिकामा पेश गर्नेछु । अध्ययन नगरेमा बिचैमा छाडेमा वा बिरामी भै वा अन्य कारणले छोड्नु परेको खण्डमा सो व्यहोराको जानकारी यस सुर्मा गाउँपालिकामा अविलम्ब गराउने छु । छात्रवृत्ति रकम प्राप्त गरी केहि कारणले अध्ययन गर्न नसकेमा उक्त रकम फिर्ता गर्नेछु । सो रकम नवुझाएमा सुर्मा गाउँपालिकाले सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मञ्जुरी छ भनि यो कबुलियतनामा पेश गरेको छु ।

सुर्मा राजपत्र

**छात्रवृत्ति पाउनेको विद्यार्थीको**

सही :

नामथर :

ठेगाना :

मिति :

तह :

सम्पर्क नं. :

कलेजको नाम :

ठेगाना :

फोन :

| दाँया | बाँया |
|---|---|

**अनुसुची — ३**

**कबुलियतनामा**

**(एम.वि.वि.एस. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अभिभावकको लागि)**

श्री................................... को नाति/नातिनि श्री.................................... को छोरा/छोरी सुर्मा गाउँपालिका वडा नं. ..... बस्ने म श्री......................................... को छोरा/छोरी ले सुर्मा गाउँपालिकाबाट प्रदान गरिने गरिब र जेहन्दार (एम.वि.वि.एस.) छात्रवृत्ति प्राप्त गरेकोले उक्त विषय........................ कलेजमा अध्ययन गराउन मञ्जुर छु । यदि निरन्तर अध्ययन नगरेमा, बिचैमा छोडेमा यस पालिकाबाट प्राप्त रकम फिर्ता गर्नेछु । सो रकम फिर्ता नगरेमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छेन भनि यो कबुलियतनामा गरेको छु ।

**छात्रवृत्ति पाउनेको विद्यार्थीको अभिभावकको**

सही :

नामथर :

ठेगाना :

मिति :

सम्पर्क नं. :

| दाँया | बाँया |
|---|---|

सुर्मा राजपत्र

# अनुसुची — ४
# कबुलियतनामा
## (गाउँपालिका र सम्बन्धित विद्यार्थीको बिचको लागि)

यस सुर्मा गाउँपालिकाले गरिब र जेहन्दार छात्रवृत्तिमा विद्यार्थीलाई एम.वि.वि.एस. पढाउने विषयमा सुर्मा गाउँपालिका (पहिलो पक्ष) र सम्बन्धित विद्यार्थी (दोस्रो पक्ष) बिच तपशिल बमोजिमको करार सम्झौता गर्न दुबै पक्ष मन्जुर भएकोले तपशिलका शर्तको अधिनमा रहि सुर्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, दौलिचौर, बझाङ्ग जसलाई यस कबुलियतनामा मा यस पछि पहिलो पक्ष भनेर सम्बोधन गरिएको छ । हाम्री दुबै पक्ष यस सुर्मा गाउँपालिका भित्रका गरिब, जेहेन्दार तथा उत्कृष्ठ चिकित्साशास्त्र अध्ययन प्रवेशिका परीक्षा उत्तिर्ण हुनुभएका विद्यार्थीहरुलाई सम्बन्धित अध्ययन संस्थामा अध्ययन गर्न सहयोग पुऱ्याउनका लागि तपशिलका शर्तको अधिनमा रही करार सम्झौता गर्न दुबै पक्ष मन्जुर हुँदा यो करार सम्झौता गरी एक एक प्रति लियौं/दियौं ।

### करारका शर्तहरु :

(१) भर्ना हुन छनोट भएका विद्यार्थीको लागि कलेजको लाग्ने सम्पुर्ण शुल्क सुर्मा गाउँपालिकाले किस्ताबन्दीमा साझै विद्यार्थीको खातामा दुबै पक्ष बिच सम्झौता भए पछि पठाउने ।

(२) आवश्यक पर्ने रकम कलेजले माग गर्ने र सो को बिल भरपाई सुर्मा गाउँपालिकालाई समयमै पठाउने ।

(३) विद्यार्थीको पढाईको प्रगति प्रतिवेदन कलेजको नियमानुसार गाउँपालिकालाई जानकारी दिने ।

(४) विद्यार्थीले पढाई छोडेको वा कुनै कारणले अनियमित भएमा सोको जानकारी दोस्रो पक्षले पहिलो पक्षलाई यथाशिघ्र जानकारी गराउने ।

(५) अन्य कुनै समस्या परे पहिलो पक्ष र दोस्रो पक्ष मिलेर आपसी समझदारी समाधान गर्ने ।

**<u>दोस्रो पक्ष</u>**
सही :
नामथर :
ठेगाना :
मिति :
सम्पर्क नं. :

**<u>पहिलो पक्ष</u>**
सही :
नामथर :
मिति :

आज्ञाले,
लक्ष्मीराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

सुर्मा गाउँ